नगर प्रमुखः ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृतः ०९१-५६०११८
राजस्व शाखा ०९१-५६०८८३

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली,
## सुदूरपश्चिम प्रदेश, नेपाल

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

### व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१।११।०१ गते)**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस टीकापुर नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म यस नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ (पैतिस) दिन (मिति २०८१।१२।०६ गते) भित्र देहायका विवरण तथा कागजात संलग्न राखी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यवसायलाई टीकापुर नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ को दफा १६ बमोजिम निजलाई यस कार्यालयबाट फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर वा करदाताको कारोबार रोक्का गरेर वा करदाताको चल तथा अचल सम्पत्ति दावी या रोक्का गरेर वा करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी लिलाम विक्री गरेर निजबाट लिनुपर्ने व्यबसाय कर असूल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारवाही समेत चलाउन सकिनेछ ।

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि
(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि
(घ) सम्बन्धित वडा कार्यालयको सरजमिन मुचुल्का
(ङ) व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी बिजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)
(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

यस सम्बन्धी विस्तृत जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सक्नु हुनेछ । साथै व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ tikapurmun.gov.np/ne/rajpatra मार्फत हेर्न सकिनेछ ।

दमन सिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**



Scanned with CamScanner